*"For Nepali, By Nepali"*

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार

## Non-Resident Nepali Association, National Coordination Council, Qatar

**Estd : 2003**

" हाम्रो अभियान-सुरक्षीत आप्रवासन र समृद्ध नेपाल "

# छैठौ राष्ट्रिय महाधिवेशन

## १४ अगष्ट २०१५, शुक्रबार

# कार्यप्रगति प्रतिवेदन


तयारी तथा प्रस्तुती : बिनोदप्रसाद भट्टराई,
महासचिव, २०१३-२०१५
सुझाव तथा प्रतिक्रियाको लागि : yoursbinod127@hotmail.com

यस ऐतिहाँसिक छैठौ राष्ट्रिय महाधिवेशनका सभापति महोदय,
प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यूहरु,
अतिथि ज्यूहरु एवं उपस्थित पंजिकृत सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु ।

नेपालमा भएको २०४६ को राजनैतिक परिवर्तनको प्रभाव तथा संचार क्षेत्रमा आएको व्यापकताले विदेश प्रति हाम्रो आकर्षण बनिरहदा देशमा चर्किएको द्वन्द र राजनैतिक अस्थिरताले बाध्य भइ विदेशिनेहरुको संख्या अत्यधिक वृद्धि हुदा आज ३५ लाखको हाराहारीमा नेपालीहरु सार्क बाहेकका मुलुकहरुमा छौं । ठुलो संख्यामा प्रवासमा रहेका नेपालीहरुलाई संगठित गर्ने अग्रजहरुको अग्रसरताको परिणाम स्वरुप २००३ मा गैरआवासीय नेपाली अभियानको स्थापना भयो र आज ७२ वटा मुलुकमा संस्थागतरुपमा विस्तार भइसकेकोछ । संस्थाको आकारका साथ साथमा यसले हाँसिल गरेका उपलब्धिहरु, राष्ट्रको समृद्धि, विपत व्यवस्थापन तथा प्रवासका नेपालीहरुको सुख दुखमा दिएको साथ र नेपाल प्रबर्द्धनमा खेलेको भुमिकाले गैरआवासीय नेपाली अभियानको उचाई धेरै माथि उठाइदिएकोछ । स्थापनाका १२ बर्षमा विदेशमा रहेका नेपालीहरुको साझा चौतारी अनि राष्ट्रको आशाको केन्द्रको रुपमा स्थापित हुन सफल भएकोछ यो अभियान ।
१२ डिसेम्बर २००३ मा स्थापना भएको राष्ट्रिय समन्वय परिषद् कतार यस अभियानको एक नमुना एनसीसी हो । ऐतिहाँसिक दोश्रो एनसीसी मात्र नभएर यहाँ कार्यरत नेपालीहरुको पक्षमा र अन्तराष्ट्रिय समन्वय परिषद्का अभियानहरुमा निरन्तर खेलेको सकरात्मक भुमिकाले एनआरएनए एनसीसी कतार एक उदाहरणिय राष्ट्रिय समन्वय परिषद्को रुपमा स्थापित गरेको छ । २३ अगष्ट २०१३ मा सम्पन्न संघको पाँचौ राष्ट्रिय महाधिवेशन समारोह तथा ६ सेप्टेम्बर २०१३मा सम्पन्न निर्वाचनबाट निर्वाचित वर्तमान कार्यसमितिको महासचिवको हैसियतले यस कार्यकालमा संघले गरेका गतिविधिहरुलाई संक्षेपिकरण गरेर तयार गरेको यो कार्य प्रगति प्रतिवेदन यस गरिमामय राष्ट्रिय महाधिवेशन समक्ष प्रस्तुत गर्न गइरहेकोछु ।

पाँचौ राष्ट्रिय महाधिवेशनले पारित गरेको १२ बुँदे प्रतिबद्धताको म्याण्डेट, संघका उद्देश्यहरु, विगतमा संघलाई विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह तथा प्रतिक्रियाहरु, आइसीसीले दिएका निर्देशन तथा चलाएका अभियानहरुलाई समेत आधार मान्दै आफ्ना कार्ययोजनाहरु तय गरी यस कार्यकालका गतिविधिहरु अघि बढाइएको थियो । संस्थागत पद्धति र प्रक्रियालाई केन्द्रमा राख्दै प्राप्त सुझाव, सल्लाह तथा प्रतिक्रियाहरुलाई उर्जाको रुपमा लिएर कार्यक्रमहरु आयोजना/संचालन गर्ने, प्रभावकारी कार्यक्रमहरुलाई निरन्तरता दिने, आवश्यकता अनुसार सुधार गर्ने या स्थगित गर्ने मात्र नभएर समय परिस्थिति अनुसार नयाँ कार्यक्रमहरु तय गर्दै अघि बढ्ने निति अबलम्बन गर्दै आएको छ ।
वैदेशिक रोजगारीको क्रममा यहाँ विभिन्न कारणले समस्यामा परेका नेपालीहरुको सहयोग, उद्धार तथा राहातमा विगत देखि नै संघले थुप्रै कार्यहरु गरिरहेको भएता पनि यो अप्रयाप्त भएको गुनासाहरु आउने गरेका छन् । विगतमा एनसीसी समक्ष आएका पिडित वा समस्याहरुको समाधान गर्ने र नितिगत समाधानको लागि पहल गर्ने गरिएकोमा यस कार्यकालबाट सर्वसाधारण नेपालीलाई दैनिक सेवा प्रदान गर्नको लागि नेपाली राजदुतावाससँगको समन्वयमा परामर्श केन्द्र स्थापना गरी संचालन गरिएको जानकारी यस सम्मानित हल समक्ष जानकारी गराउदछु । हस्तलिखित राहदानीलाई मेसिन रिडेबल (MRP) मा परिवर्तन गर्ने सरकारको अभियानमा दुतावासमा बढेको चापका कारण नेपालीहरुले भोगिरहेका कठिनाईहरुलाई सहजीकरण गर्न एनसीसीले बिशेष महत्वका साथ पहल गरेको थियो ।
आवश्यक परामर्श, कानुनी सहयोगको अभावमा लामो समय देखि हस्पिटलमा रहेका घाईते तथा बिरामीहरुलाई नियमित भेट गर्ने, आवश्यक सहयोगको लागि दुतावास तथा हस्पिटलसँग समन्वय गरेर समाधानको लागि पहल गरिएकोछ । “फिर्ति केन्द्र” तथा जेलमा रहेका नेपालीहरुको अवस्थाबारे नियमित जानकारी लिएर आवश्यक सहयोग तथा पहलको गतिलाई यस कार्यकालमा निकै तिब्रता दिएको थियो । खेलकुद भनेको खेलाडि तथा खेल प्रेमिहरुको रुचि या मनोरञ्जनमा मात्र सिमित विधा मात्र नभएर प्रवासमा राष्ट्रिय छविलाई प्रवर्द्धन गर्ने एक प्रभावकारी माध्यम पनि हो । यस यथार्थतालाई ध्यान दिदै एनसीसी कतारले यस कार्यकालमा खेल क्षेत्रमा उल्लेख्य कार्यहरु सम्पन्न गर्‍यो । प्रवासमा नेपाली खेलकुदलाई प्रबर्द्धन गर्न पहिलो पटक “एनआरएन कप” फुटबल आयोजना गरि संस्थागत रुपमा खेल क्षेत्रलाई संरक्षण र प्रबद्धन गर्ने दिर्घकालिन कार्ययोजनाको शुरुवात गरिएको थियो । श्रोत साधनको सिमितता तथा नयाँकार्य शुरुवात गर्दा आवश्यक पर्ने प्रयाप्त आपसी समझदारी र विश्वासको अपुग हुदा कतारमा खेल क्षेत्रलाई व्यवस्थित रुपमा अगाडी बढाउने एनसीसीको

लक्ष भने अझै पुरा हुन बाँकि छ । आगामी कार्यसमितिले यसलाई पुरा गर्नेछ भन्ने विश्वास वर्तमान कार्यसमितिले लिएको छ ।

हरेक संस्थाको जिवन्तता र सफलता विगतका कार्यहरुको समिक्षा, अग्रजहरु प्रतिको सम्मानमा पनि निर्भर गर्दछ । हरेक अध्यायमा भएका उल्लेख्य कार्यहरु र तिनलाई सम्पन्न गर्ने अभियन्ताहरुको योगदानलाई संस्थाले व्यवस्थितरुपमा संरक्षण गर्न भुल्नु हुदैन भन्ने विश्वासका साथ यो कार्यसमितिले संस्थाको १२ औ स्थापना दिवसलाई एक समारोहका बिच आयोजना गरेर संस्थाको इतिहाँसलाई समिक्षा गर्ने प्रयास गऱ्यो । यसले भविश्यमा पनि निरन्तरता पाउने विश्वास लिइएको छ । राष्ट्रको सांस्कृतिक दुतको समेत उपमा पाएको संस्थाको हिसावले एनआरएनए एनसीसी कतारले सबै वर्ग क्षेत्र समुदायलाई सम्मान गर्दै सम्भव भए सम्म राष्ट्रिय चाड पर्वका अवसरमा शुभकामना आदान प्रदान गर्ने, साहित्यीक, कला तथा सांगितिक क्षेत्रलाई प्रबर्द्धन गर्न सहयोग गर्ने कार्यलाई निरन्तरता दिइरहेकोछ ।

छैठौ अर्न्तराष्ट्रिय महाधिवेशनको नारा "गैरआवासीय नेपाली र नेपाल, समृद्धिका साझेदार" को मर्मलाई समेत ध्यानमा राखेर राष्ट्रको समृद्धिको लागि सांकेतिकरुपमा नै भएपनि केहि कार्य गर्नु पर्छ भन्ने मान्यता राख्दै ५ विकास क्षेत्रमा शिक्षा क्षेत्रमा एक एक वटा साना परियोजनाहरु सम्पन्न गरियो । यसका साथै राष्ट्रमा आइपरेका प्राकृतिक प्रकोप तथा विपत्ति व्यवस्थापनमा एनसीसी कतार सकेको सहयोग सहित सहभागी बन्दै आएकोछ ।

एनसीसी कतारको यो कार्यकाल हालसम्मकै सबै भन्दा वियोगान्त कार्यकाल बनेको महशुश गरिएकोछ । ६ अप्रिल २०१५ का दिन सडक दुर्घटनामा कार्यसमिति सदस्य श्रीमति शोया दहालको निधन हुनु, ९ मार्च २०१४ का दिन संस्थाका स्थापना काल देखिका बौद्धिक व्यक्तित्व शिखर वैद्यको निधनले सिङ्गो एनसीसीलाई मर्माहत बनायो । त्यस्तै नेपालमा गएको विनाशकारी भुकम्पमा परि परिवारका सदस्य गुमाएका कतारबासी गैरआवासीय नेपालीहरुको पिडा तथा विभिन्न दुर्घटनामा परि कतारमा अकालमा जिवन गुमाउन पुगेका नेपालीहरुको निधनले एनसीसीलाई थप दुखित बनाएको थियो । यस कार्यकालमा दिवंगत सबै आत्माहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछौं ।

आदरणिय सभापति ज्यू, अतिथिगण, सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु,

यस कार्यकालमा सम्पन्न गतिविधिहरुको विवरणलाई संक्षेपिकरण गरि बुँदागतरुपमा तयार गरिएको गतिविधि यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चहान्छु ।

**आन्तरिक गतिविधिहरु :**

- **बैठक**
  - ❖ कार्यसमिति बैठक : ६ सेप्टेम्बर २०१३ मा निर्वाचित वर्तमान कार्यसमितिले १३ सेप्टेम्बर २०१३ का दिन पदभार ग्रहण गरे पश्चात हाल सम्म कार्यसमितिका नियमित ११ तथा बिषेश बैठक २ पटक गरी १३ वटा बैठक बसी संघका कार्यक्रम तथा गतिविधिहरुलाई अगाडी बढाएको थियो ।
  - ❖ सचिवालय बैठक : संस्थाको प्रथम बैठकले ९ सदस्यीय सचिवालय गठन गरे पश्चात हाल सम्म ३१ वटा सचिवालयको बैठक बसी विभिन्न निर्णयहरु गर्दै कार्यक्रमहरु संचालन गरिएको थियो ।
  - ❖ संघको निर्देशिकाले परिभाषित गरे बमोजिम राष्ट्रिय महाधिवेशन प्रथम परिषद् भेलाको रुपमा समेत सम्पन्न भएको थियो भने त्यस पश्चात ३ वटा राष्ट्रिय परिषद् बैठकहरु आयोजना गरिएको थियो ।
  - ▪ दोश्रो राष्ट्रिय परिषद् बैठक मिति ३१ जनवरी २०१४ का दिन अध्यक्ष मक्सुद आलमको अध्यक्षता र आइसीसी उपाध्यक्ष टि. बि. कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो भेलाले प्रस्तुत कार्य प्रगति, आर्थिक प्रतिवेदन एवं संघको कार्ययोजनालाई पारित, लेखा तथा अनुशासन अनुगमन समिति पनि गठन गरेको थियो ।
  - ▪ तेश्रो राष्ट्रिय परिषद् भेला ५ सेप्टेम्बर २०१४ का दिन अध्यक्ष मक्सुद आलमको अध्यक्षता र आइसीसी उपाध्यक्ष टि. बि. कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त भेलाले प्रस्तुत कार्य प्रगति, आर्थिक प्रतिवेदनलाई पारित गर्नुका साथै एनआरएनहरुको परिभाषाको सम्बन्धमा एनसीसी कतारको धारणा

आइसीसीलाई पुनः जानकारी गराउने तथा एनआरएनए भवन निर्माणमा सहयोग गर्ने प्रस्तावहरु पारित गरेको थियो ।

- चौथो तथा अन्तिम परिषद् भेला ३ अप्रिल २०१४ का दिन अध्यक्ष मक्सुद आलमको अध्यक्षता र आइसीसी उपाध्यक्ष टि. बि. कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो बैठकले प्रस्तुत कार्य प्रगति, आर्थिक प्रतिवेदनलाई पारित गर्नुका साथै निर्देशिका संसोधन, २०१५-१७ को लागि पंजिकृत सदस्यता आवेदन खुल्ला, छैठौं राष्ट्रिय महाधिवेशनको मिति तय तथा निर्वाचन समितिको गठन गरेको थियो ।

- **गठन, पुर्नगठन तथा पदपुर्ति :** संस्थाले आफ्ना नियमित कार्य सम्पादन गर्न तथा विभिन्न कार्यक्रमहरु संचालन गर्ने क्रममा विभिन्न समितिहरु गठन पुर्नगठन तथा पदपुर्तिहरु गरेको थियो ।

- ❖ १३ सेप्टेम्बर २०१३ मा सम्पन्न प्रथम बैठकले ९ सदस्यीय सचिवालय, २२ नोभेम्बर २०१३ मा सम्पन्न दोश्रो बैठकले निवर्तमान अध्यक्ष अमृत गुरुङको संयोजकत्वमा ११ सदस्यीय सल्लाहकार समिति र विभिन्न १० वटा उप-समितिहरु गठन गरेको थियो ।
- ❖ ३१ जनवरी २०१४ मा सम्पन्न दोश्रो राष्ट्रिय परिषद् भेलाले निवर्तमान अध्यक्ष अमृत गुरुङको संयोजकत्वमा पुर्व महासचिवद्धय क्रान्ति सिंह र राजेश दर्शन अर्याल तथा पुर्व कोषाध्यक्षद्धय चुडामणी कार्की र के. बि. हमाल सदस्य रहनुभएको ५ सदस्यीय अनुशासन तथा अनुगमन समिति गठन गरेको थियो । त्यसै गरि सोहि भेलाले परिषद् सदस्य टुकराज अर्यालको संयोकत्वमा यमकान्त गौतम, छविलाल वि क, दिपक घिमिरे र मेहताव आलम सदस्य रहनुभएको लेखा समिति पनि गठन गरेको थियो ।
- ❖ ७ फरवरी २०१४ मा सम्पन्न कार्यसमितिको बैठकले तत्कालिन सल्लाहकार संयोजक अमृत गुरुङ ज्यूले आइसीसीको को-अप्ट मेम्बरमा मनोनित भएको कारण दिनुभएको राजिनामा स्विकृत गर्दै सो पदमा सल्लाहकार गुरुनारायण रानाभाटलाई मनोनयन गरेको थियो । त्यसै गरि सल्लाहाकार बिल गुरुङले समेत सल्लाहकार पदमा रहन असमर्थता देखाउनु भएपछि रिक्त भएका दुई सल्लाहकार पदमा चुडामणि कार्की र जंङ्गप्रसाद ( जगन ) गुरुङलाई मनोनयन गरिएको थियो । सोहि बैठकले निर्देशिका संसोधन समितिको संयोजकमा निर्वमान महासचिव तथा सल्लाहकार क्रान्ति सिंहलाई मनोनित गरि सो समितिमा थप सदस्यहरु सिफारिस गर्ने जिम्मेबारी समेत प्रदान गरेको थियो
- ❖ २१ मार्च २०१४मा सम्पन्न बैठकले कार्यसमिति सदस्य केशर कुमार सुनुवारले दिनुभएको राजिनामा स्वीकृत गरेको थियो भने ५ जुनमा सम्पन्न बैठककले भिम तरामुमगरलाई रिक्त कार्यसमिति सदस्य पदमा मनोनयन गरेको थियो । सोहि बैठकले रिक्त साहित्य तथा प्रकाशन समितिको संयोजकमा प्रथम उपाध्यक्ष कुमार कार्कीलाई तथा सह-संयोजकमा युवा संयोजक नवराज बिकलाई मनोनय गरिएको थियो ।
- ❖ ९ जनवरी २०१५का दिन सम्पन्न बैठकबाट बैठक तथा कार्यक्रमहरुमा लामो समयसम्म अनुपस्थित सचिव धर्मदेव मण्डल तथा सदस्यद्धय आइबहादुर खत्री र महेन्द्र कुमार भुजेललाई निर्देशिका बमोजिम पदमुक्त गरिएको थियो ।
- ❖ २७ मार्च २०१५ मा सम्पन्न बैठकले रिक्त सचिव पदमा सचिवालय सदस्य टेकनाथ बराललाई, रिक्त सचिवालय सदस्य पदमा कार्यसमिति सदस्य इ. नन्द प्रसाद गर्बुजालाई तथा रिक्त ३ कार्यसमिति सदस्य पदमा पंजिकृत सदस्यहरु टंकप्रसाद भट्टराई, अशोक कुमार तामाङ तथा ठाकुर कुमार दर्जीलाई मनोनयन गरिएको थियो । सोहि बैठकले चुडामणि कार्कीको संयोकत्वमा क्रान्ति सिंह र के बि हमाल सदस्य रहने गरि अनुशासन तथा अनुगमन समितिलाई पुर्नगठन पनि गरेको थियो ।

❖ उपरोक्त गठन पुर्नगठन बाहेक पनि विभिन्न परियोजना संचालन गर्न तथा कार्यक्रमहरु संचालन गर्न एनसीसले आवधिकरुपमा समितिहरु गठन गरी कार्य सम्पादन गर्ने गराउने गरेको थियो ।

- **आइसीसी तथा अग्रजहरु सँग छलफल तथा अन्तरक्रिया :** स्थापना काल देखि नै निरन्तर आइसीसीका विभिन्न जिम्मेबारीहरुमा उपस्थिति गराउदै आएको एनसीसी कतारले वर्तमान तथा पुर्व आइसीसी पदाधिकारीहरु तथा एनसीसीका पुर्व अध्यक्ष महासचिबहरुसँग पटक पटक प्रत्यक्ष छलफल आयोजना गरेर तथा अनौपचारिक माध्यमबाट समेत आवश्यक सुझाव तथा सल्लाहहरु लिएर आफ्ना गतिविधिहरु संचालन गरेको थियो । यस क्रममा ४ जनवरी २०१४, १६अगाष्ट २०१४, २४ नोभेम्बर २०१४, १ जुन २०१५ र १२ अगष्ट २०१५मा प्रत्यक्ष छलफलहरु आयोजना गरिएका थिए ।

- **कतारमा स्थापित नेपाली संघ संस्थाहरु सँग छलफल तथा अन्तरक्रिया :** कतारमा एनआरएनए तथा अन्य संघ संस्थाहरु बीच उदाहरणिय सहकार्य रहेकोछ । संघ संस्थाहरुको कार्यक्रममा एनआरएनए आइसीसी तथा एनसीसीको उपस्थिति, एनआरएनएले संचालन गरेका गतिविधिहरुमा संघ संस्थाहरुको हार्दिक सहभागिता सहकार्य रहने गरेकोछ । कतारको नेपाली समुदाय केन्द्रित विभिन्न कार्यक्रमहरु तथा सरोकारका बिषयहरुमा एनसीसीले आवश्यक छलफल तथा अन्तरक्रिया आयोजना गरी आपसी सहकार्यलाई सहजता दिने परंपरालाई निरन्तरता दिइएको थियो ।
- **कतार सरकारका निकायहरुसँग बैठक तथा सहभागिता** : हामी कार्यरत मुलुकका विभिन्न निकायहरुसँगको समन्वय र सहयोगले मात्र हाम्रा गतिविधिहरु प्रभावकारी हुन्छन र यहाँ कार्यरत नेपालीहरुलाई अधिकतम् सहयोग गर्न सकिने यथार्थतालाई मनन गर्दै एनसीसी कतारले निरन्तर कतार सरकारका निकायहरुसँग समन्वय गरेर कार्य गर्ने गरेकोछ । समुदाय केन्द्रित गतिविधिहरुमा नेपाली समुदायको प्रतिनिधिको रुपमा कतार सरकार आन्तरिक मामिला सम्बन्धि मन्त्रालयको कम्यूनिटि डिपार्टमेन्टले एनआरएनए एनसीसीलाई सहभागि गराउने गरेकोछ भने एनसीसीले पनि समुदायको प्रतिनिधिकोरुपमा आवश्यक समन्वय गरेर कार्य गरिरहेकोछ । यस क्रममा आन्तरिक मन्त्रालय, ट्राफिक डिपार्टमेन्ट, राष्ट्रिय मानवअधिकार समितीले आयोजना गरेका बैठक, छलफल, अन्तरक्रिया तथा कार्यक्रमहरुमा सक्रियताका साथ सहभागीता जनाइएको थियो ।
- **नेपाली राजदुतावाससँग छलफल, बैठक तथा सहकार्य :** नेपालीहरुको अभिभावक संस्थाकोरुपमा रहेका नेपाली राजदुतावाससँग एनआरएनए एनसीसी कतारले निरन्तर समन्वय गरेर कार्य गरिरहेकोछ । राष्ट्रका गहन बिषयमा, कतारमा कार्यरत नेपालीको समस्याहरुको बिषयमा, कतारमा नेपालको प्रबर्द्धन गर्ने बिषयमा वा समुदायसँग सरोकार राख्ने स्थानिय संस्थागत विषयहरु सबैमा दुतावाससँग छलफल र समन्वय हुने गरेकोछ । यस कार्यकालमा १५ सेप्टेम्बर २०१३ मा नवनिर्वाचित कार्यसमितको औपचारिक जानकारी तथा परिचयात्मक भेटघाट भएपश्चात १२ नोभेम्बर २०१३, १२ फरवरी २०१४, २० अगष्ट २०१४ र २६ अप्रिल २०१५ मा विभिन्न बिषयमा छलफलहरु गरिएका थिए । उपरोक्त छलफलहरु बाहेक पनि थुप्रै अनौपचारिक भेटघाट तथा बैठक गरि आवश्यक छलफल गरिएको थियो ।
- **अन्तरीष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरु तथा सरकारी टोलीहरु सँग भेटघाट तथा छलफल :** एनआरएनए एनसीसी कतारको विभिन्न सरोकारवाला अर्न्तराष्ट्रिय संघ संस्थाहरुसँगको सहकार्य पनि उल्लेखनिय रहेकोछ । बिशेष गरी कतारमा कार्यरत नेपालीहरुको अवस्था तथा सुरक्षित अप्रवासनको अवस्थालाई केन्द्रविन्दु बनाएर एनसीसीसँग विभिन्न संघ संस्थाहरुले भेटघाट तथा छलफलहरु गरेकाछन् । जसमा १२ नोभेम्बर २०१३ मा पिएनसीसीसँग, १५ नोभेम्बर २०१३ मा एम्नेस्टि इन्टरनेसनलसँग, २४ नोभेम्बर २०१३ मा स्विस एजेन्सी सँग, १० सेप्टेम्बर २०१४मा आइएलओ गर्भनिङ बडि मेम्बर विन्दा पाण्डेसँग, ११ नोभेम्बर २०१४मा वाक फर फाउण्डेसन सँग अन्तरक्रियाहरु गरिएको थिए । त्यसै गरी विभिन्न समयमा कतार आएका नेपाल सरकारका प्रतिनिधि तथा भ्रमण टोली संग

दुतावासको समन्वयमा भेटघाट तथा अन्तरक्रिया गरी कतारबासी नेपालीहरुको अवस्था तथा समसामयिक बिषयहरुमा छलफल गरिएको थियो ।

- **विदाई :** संघले यसकार्यकालमा कतारबसाईलाइ पुरा गरेर फिर्ता हुनुभएका निवर्तमान अध्यक्ष अमृत गुरुङलाई २८ जनवरी २०१५ का दिन, सचिवालय सदस्य प्रेम सिटौलालाई ५ जुलाई २०१५का दिन विदाई गरेको थियो ।
- **स्थापना दिवस समारोह :** हरेक संस्थाको सफलताको कारण त्यो संस्थाको विगतको समिक्षा र अभियन्ताहरुको सम्मान पनि हो । विगतको समिक्षाले भविष्यको बाटो थप फराकिलो बनाउछ भने अग्रजहरुको सम्मानले वर्तमान अभियन्ताहरुमा थप उर्जा दिन्छ । एक जिवन्त संस्थामा निरन्तर चल्नु पर्ने प्रक्रियाकोरुपमा मनन गरेर यस कार्यकालमा पहिलो पटक  स्थापना दिवस भव्यताका साथ मनाइयो । १२ डिसेम्बर २०१४ का दिन परेको १२ औ स्थापना दिवसको अवसरमा आयोजित समारोह आइसीसी अध्यक्ष शेष घले ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । अध्यक्ष मक्सुद आलमको सभापतित्वमा सम्पन्न सो समारोहमा नेपाली राजदुतावास दोहा कतारका द्धितिय सचिव नितेश सापकोटा, आइसीसीका उपाध्यक्ष टि. बि. कार्की, महासचिव कुमार पन्त, मध्यपुर्व क्षेत्रीय उप-संयोजक पूर्ण के सी, संस्थापक उपाध्यक्ष देवकाजी डंगोल, सल्लाहकार नरेन्द्र भाट, आइसीसी सदस्यद्धय अमृत गुरुङ तथा उमेश अधिकारी, एनसीसी बहराइनका अध्यक्ष टंक बस्नेत, एनसीसी साउदी अरबियाका अध्यक्ष पुरुषेत्तम दास श्रेष्ठ लगायत एनसीसीकतारका संस्थापकहरु, पुर्व अध्यक्ष तथा पदाधिकारीहरुको समुपस्थिति रहेको थियो । महासचिव बिनोद भट्टराईद्धारा संस्थाको स्पाथनाकालदेखिका प्रमुख गतिविधिहरुलाई समेटेर तयार पारिएको रिभर अफ लाइफ प्रस्तुत गरिए पश्चात स्थापना काल देखि विभिन्न समयमा योगदान दिनुहुने संस्थापक तथा पुर्वपदाधिकारीहरु आइसीसी संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, उपाध्यक्ष देवकाजी डंगोल, पुर्व आइसीसी सदस्य तथा कतार प्रतिनिधिहरु सागर नेपाल (संस्थापक), भिमप्रसाद पौडेल, अजिजुर रहमिान शेष, पुर्व अध्यक्षहरु राजीव डंगोल (संस्थापक), बद्री प्रसाद पाण्डे, कमलमणी गुरागाँई, नरेन्द्र भाट तथा अमृत गुरुङ, पुर्व उपाध्यक्षहरु रविकान्त लाल (संस्थापक), सुजेन्द्र श्रेष्ठ (संथापक), दिलकिरण खजुम, गुरुनारायण रानभाट, पुर्व महासचिवहरु प्रज्ञान उदास (संस्थापक), सुधिर कुमार सिंह, राजेश दर्शन अर्याल, बिलबहादुर गुरुङ तथा क्रान्ति सिंह र संस्थापक सदस्य स्व. शिखर वैद्य (मरणोपरान्त) लाई सम्मान गरिएको थियो । सो अवसरमा पहिलो एनआरएनए कप फुटबल २०१४ कतारको औपचारिक समापन पनि गरिएको थियो । एनआरएनकप फुटबल २०१४का संयोजक टि एन बराललेप्रतियोगिताको गतिविधि रिपोर्ट प्रस्तुत गर्नुभएपछि एनआरएनकप २०१४का सहभागी टिमहरु, बिजेता टिमका खेलाडीहरु, स्वयंसेवकहरु, व्यवस्थापन समिति तथा सहयोगीहरुलाई प्रमाण पत्र तथा प्रशंसा पत्रहरु वितरण गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि शेष घले तथा अन्य अतिथि ज्यूहरुले एनसीसी कतारलाई शुभकामना व्यक्त गर्नु भएको थियो । सोहि दिन बेलुका एनसीसीले आइसीसी अध्यक्ष ज्यू लगायतका अतिथि ज्यूहरुसँग साक्षात्कार गरिएको थियो ।
- **आइसीसी सँग सहकार्य**
  - ❖ विश्व सम्मेलन सहभागिता : हरेक २ बर्षमा आयोजना हुने गैरआवासीय विश्व सम्मेलन तथा अन्तराष्ट्रिय महाधिवेशनमा कतारले उल्लेखनिय उपस्थिति जनाउदै आएकोछ । २०१३ अक्टोबर १९  देखि २२ सम्म काठमाडौमा आयोजित विश्व सम्मेलनमा १०४ जना प्रतिनिधिहरु सहित सहभागिता जनाइएको थियो । सोहि छैठौ अर्न्तराष्ट्रिय महाधिवेशनबाट श्री टि. बि. कार्की आईसीसी उपाध्यक्षमा तथा पुर्ण के सी मध्यपुर्व उप संयोजकमा निर्वाचित हुनुभएको थियो ।

- ❖ मध्यपुर्व क्षेत्रीय बैठकमा सहभागीता : त्यसै गरी ९ र १० मई २०१४ मा बहराइनमा आयोजित मध्यपुर्व क्षेत्रीय बैठक तथा अक्टोबर २०१४ मा काठमाडौमा आयोजित सप्ताहव्यापी एनआरएनए स्थापना दिवस कार्यक्रमहरुमा सक्रियताका साथ सहभागीता जनाइएको थियो ।
- ❖ आर्थिक सहभागिता : राष्ट्रमा आइपरेका विपद हुन या समृद्ध नेपाल निर्माणको दिशामा आइसीसीले अघि सारेका अभियान सबैमा एनसीसी कतारले सक्दो सहभागिता जनाएकोछ । जसमा अनिष खालिङ बचाउ अभियानलाई कतारी रियाल ६५५२/- , सुनकोशी बाढि पिडितहरुको सहयोगार्थ संचालित सहयोग संकलन अभियान २०१४ मा क. री ९७४३/-, एनआरएनए भवन निर्माणमा सहयोग संकलन अभियान क. री. ४६५७३/-, शंखमुल पार्क निर्माणमा सहयोग रु १ लाख ५१ हजार, महिलाहरुको आङ खस्ने समस्या तथा पाठेघर शल्यक्रिया शिविरलाई सहयोग रु ६०,०००/-, चितवन स्थित चेपाङ बस्ती संरक्षण केन्द्रलाई रु २,१२,०००/-, ताप्लेजुङ्ग तथा सप्तरी आगालागी पिडितलाई सहयोग क. री ६६०४/-, कास्की पहिरो २०१५का पिडितहरुलाई सहयोग रु ५०,०१५/- पठाइएको थियो ।
  - **भुकम्प पिडितहरुलाई सहयोग अभियान:** गत २५ अप्रिल २०१५ कादिन नेपालमा गएको महा-भुकम्पले पुऱ्याएको क्षति तथा पिडतिहरुको राहात तथा सहयोगको लागि तत्कालै एनसीसीले नेपाली राजदुतावास, कतारमा स्थापित संघ संस्थाहरु, अग्रजहरु तथा बीच छलफल गर्दै एक सहयोग संकलन समिति गठन गरी सहयोग संकलन अभियानलाई अगाडी बढाएको थियो । सो समितिको पहल तथा समन्वयमा आइसीसीको खातामा क. री. २३८७७० कतारबाट पठाइएको थियो । भुकम्पले सवत्र पुऱ्याएको असरलाई उक्त सहयोग मात्र प्रयाप्त छैन । एनसीसीका पदाधिकारी, कार्यसमिति सदस्य, पंजिकृत सदस्यहरु देखि थुप्रै कतारबासी गैरआवासीय नेपालीहरु प्रभावित भएको र थप सहयोग आवाश्यक रहेको महशुस गर्दै कतारमा कार्यरत भुकम्प पिडिहरुको विवरण संकलन गर्न सल्लाहकार ज्यूहरु दिल किरण खजुम, क्रान्ति सिंह, बिनेश तामाङ, करिम बक्स मिया र कोषाध्यक्ष द्रोणबहादुर बस्नेत रहनुभएको समिति गठन गरी विवरण संकलन गरी वास्तविक पिडितहरुको विवरण उपलब्ध गराईदिन अनुरोध गरिए बमोजिम सो समितिले आफ्नो विवरण केहि समय अघि मात्र बुझाईसकेकोछ । सो विवरणमा उल्लेखित पिडिहरुको क्षतीको अवस्था हेरी थप सहयोगको लागि आइसीसी सँग समन्वय गर्ने कार्यक्रम रहेकोछ । आइसीसीको भुकम्प पिडितहरुको आवास तथा पुन निर्माण अभियानमा एनसीसी कतारको सहभागिता निरन्तर रहने छ।

- **कला संस्कृति, साहित्य तथा खेल गतिविधि :** नेपाल र नेपाली कला संस्कृति, साहित्य, खेल तथा पर्यटन प्रवर्द्धन गैरआवासीय नेपाली संघ अभियानको एक महत्वपुर्ण उद्देश्य हो । त्यसैले एनसीसी कतारले विगत देखि नै निरन्तर यि क्षेत्रलाई समेत आफ्नो कार्ययोजनामा राखेर गतिविधिहरु संचालन गर्दै आएकोछ । यस कार्यकालमा पनि यसलाई विभिन्न कार्यक्रमद्धारा निरन्तरता दिइयो ।
  - ❖ **खेल/सांगितिक गतिविधि तथा अल अरबी क्लब सँगको सहकार्य :** ठुलो संख्यामा रहेका नेपालीहरुको खेल प्रतिको रुचिलाई सिमित श्रोत साधनले प्रवद्धन गर्नु पर्ने कठिन चुनौतिलाई सहजीकरण गर्न एनआरएनए एनसीसी कतारले अल अरबी क्लबसँग गरेको सहकार्यले ठुलो मद्धत गरेको थियो । अघिल्लो कार्यकालबाट नै शुरुवात भएको सो सहकार्यलाई यस कार्यकालमा निरन्तरता दिदै दर्जनौ खेल तथा सांगितिक कार्यक्रमहरु संचालन गरियो । उक्त क्लबको आर्थिक सहयोगमा २१ फरवरी २०१४, १९ सेप्टेम्बर २०१४, ५ डिसेम्बर २०१४ तथा ६ फरवरी २०१५का दिन राष्ट्रिय कलाकारद्धारा तथा अन्य दर्जनौ पटक स्थानिय कलाकारहरुको प्रस्तुतिका साथ सांगितिक कार्यक्रमहरुको संयोजन गरीएको थियो । जसबाट हजारौ नेपालीहरुले निशुल्क सांगितिक तथा फुटबल खेलको मनोरञ्जन लिएका थिए ।

- **राष्ट्रिय खेलाडीहरुलाई स्वागत, सम्मान, बधाई तथा हौसला प्रदान** : २-३ अक्टोबर २०१३, कतार फुटबल एसोसियसनको निमन्त्रणामा ए एफ सी यू १९ खेल खेल्न कतार आएको नेपालको यु १९ टोलि, नेपाली महिला फुटबल टोली, २६-२८ फरवरी २०१४मा आएको महिला ह्याण्डबल टोली, १ नोभेम्बर २०१४ मा फिलिपिन्स सँगको मैत्रीपुर्ण खेल खेल्न कतार आएको नेपाली राष्ट्रिय फुटबल टोलीलाई स्वागत तथा सम्मान गरिएको थियो । ११ अप्रिल २०१४ मा नेपाल फुटबल एसोसिएसनका अध्यक्ष गणेश थापा सँग छलफल, डिभिजन ३ को बिजेता बनि डिभिजन २मा प्रवेश गर्न सफल नेपाली क्रिकेट टोलीलाई बधाई ज्ञापन गरेकोछ भने कतार आएका अन्य खेलाडी तथा टोलीलाई हौसला प्रदान आदी गर्न सक्दो सहयोग गरेको थियो ।
- **एनआरएन कप फुटबल २०१४** : कतारमा रहेका नेपाली खेलाडीहरुको खेल प्रतिभालाई प्रस्फुटित गराउदै नेपाली खेलकुदलाई प्रबर्द्धन गर्ने उद्देश्यले २८ अगष्ट २०१४ देखी १९ सेप्टेम्बर २०१४ सम्म एनआरएनए कफ फुटबल २०१४ आयोजना गरिएको थियो । १४ अगष्टका दिन एक पत्रकार सम्मेलन गरी विस्तृत जानकारी गराइएको उक्त प्रतियोगिताको नेपाली राजदुतावास कतारका कार्यबाहक राजदुत गणेश प्रसाद ढकालले २८ अगष्टका दिन अलअरबी क्लबको खेल मैदानमा उद्घाटन गर्नु भएको सो प्रतियोगितामा कतारमा खेल खेलिरहेका २४ वटा नेपाली टिमहरु सहभागि थिए । १९ सेप्टेम्बर २०१४का दिन अलअरबी क्लबकै खेल मैदानमा सम्पन्न फाइनल खेलमा अन्तराष्ट्रिय कलाकार मञ्च कतारको टिमलाई पराजित गर्दै मेचिकाली जनजागृति क्लबले उपाधि हाँसिल गरेको थियो । सो प्रतियोगिता संचालनमा अलअरबी स्पोर्ट क्लबले विशेष सहयोग गरेको थियो ।
- **म्याराथुनमा सहभागिता** : प्रवासमा खेलकुदका विभिन्न विधाहरुलाई प्रबद्धन गरिरहेको एनआरएनए एनसीसी कतारले म्याराथुन प्रतियोगिताहरुमा समेत सहभागिता जनाएकोछ । ९ जनवरी २०१५ का दिन, कतारको राष्ट्रिय खेल दिवस २०१५, (१० फरवरी)मा आयोजित म्याराथुनहरुमा एनआरएनए एनसीसीको तर्फबाट धावक रमेश जैसीले सहभागीता जनाएका थिए ।
- **मैत्रीपुर्ण खेल** : मनोरञ्जन तथा आपसी भाइचारा थप विकास गर्नको लागि ३० नोभेम्बर तथा ५ डिसेम्बर २०१३ का दिन ग्राण्ड हमद स्टेडियममा एनसीसीका पदाधिकारीहरु तथा विभिन्न संघ संस्थाका प्रमुखहरु बीच मैत्रीपुर्ण फुटबल खेल खेलिएको थियो ।
- **सांस्कृतिक गतिविधिहरु** : एनआरएनए एनसीसी कतारले विभिन्न सांस्कृतिक कार्यक्रमहरुको आयोजना तथा संयोजन गर्दै कतारमा रहेका नेपाली तथा अन्य समुदाय बीच नेपाली संकृतिलाई प्रवर्द्धन गर्न भुमिका खेलिरहेकोछ । हरेक राष्ट्रिय पर्व तथा चाडहरुमा शुभकामना आदान प्रदान गर्ने देखि सांस्कृतिक प्रतिभाहरुलाई विभिन्न असरमा सहभागी गराउन भुमिका खेल्ने गरेकोछ । यस क्रममा १७ अक्टोबर २०१३ कादिन बडा दशै, बक्र इद, दिपावली तथा छठ पर्व २०१३ को उपलक्षमा, १६ डिसेम्बर २०१३ का दिन किरात सम्बतको उपलक्षमा, ९ जनवरी २०१४का दिन ल्होसार तथा माघिको उपलक्षमा, २१ अगष्ट २०१४का दिन नेपाली महिलाहरुको पर्व तिजको अवसरमा, ९ अक्टोबर २०१४ का दिन बडा दशै, बक्र इद, दिपावली तथा छठ पर्व २०१४को उपलक्षमा, २० जुलाई २०१४ का दिन ईस्लामहरुको पवित्र महिना रमदानको अवसरमा, १ जनवरीका २०१५ दिन राष्ट्रिय पर्वहरु चासोक तङनाम-येले तङ्वे ५०७५, साकेला उधौली-येले दोङ् ५०७५, रापवा शाँदर उधौली-नक थोचे ५०७५, उधौली भूजेली, ल्हु ल्होसार, माघि २०७१, सोनाम ल्होछार २८५१, लदी पुजा तथा नँया बर्ष २०१५ को उपलक्षमा, ९ अक्टोबर २०१४का दिन बडा दशै, बक्र ईद, दिपावली, छठ तथा नेपाल सम्बत ११३५को उपलक्षमा तथा ५ जुलाई २०१५का दिन रमदान २०१५को अवसरमा शुभकामना आदान प्रदान कार्यकमहरु आयोजना गरिएको थियो । त्यसै गरी दिपावली २०१३ को उपलक्षमा ४ नोभेम्बर २०१३ का दिन तथा दिपावली २०१४को

उपलक्षमा २४ अक्टोबर २०१४ का दिन विभिन्न संघ संस्थाहरुको सहभागितामा दुतावास प्राङ्गणमा संयुक्त द्यौसी भैलो खेलिएको थियो ।

- ❖ **कतारको राष्ट्रिय दिवस तथा इद मिलन समारोहरुमा सहभागिता :** कतार सरकार आन्तरिक मन्त्रालयको व्यवस्थापनमा कतारको राष्ट्रिय दिवस डिसेम्बर १८, २०१३ तथा २०१४ मा आप्रवासी समुदायहरुका लागि आयोजना गरिएका समारोहमा विभिन्न सांस्कृतिक प्रस्तुतीहरु सहित सहभागिता जनाइएको थियो । त्यसै गरी इस्लाम धर्मालम्बीहरुको महान चाड इद उल फित्र २०१४ तथा २०१५ एवं इद अल अधा २०१३ तथा २०१४मा आयोजित इद मिलन समारोहमा पनि विभिन्न सांगितिक प्रस्तुतीहरु सहित सहभागिता जनाइएको थियो ।

- ❖ **साहित्यीक गतिविधि :** एनआरएनए एनसीसी कतारले नेपाली भाषा साहित्यको विकासमा सक्रिय संस्थाहरु अन्तराष्ट्रिय साहित्य समाज तथा कतारमा स्थापित अन्य साहित्यीक संस्थाहरुले आयोजना गर्ने साहित्यीक कार्यक्रमहरुलाई प्रोहोत्साहन गर्दै विभिन्न अवसरमा आयोजना गरिने कार्यक्रमहरुमा सक्दो सहयोग सहित सहभागिता जनाउने गरेकोछ । यस कार्यकालमा १०५ औ लक्ष्मी जयन्ति तथा २०० औ भानुजयन्ति समारोहलाई आर्थिक सहयोग गरिएको थियो ।
- ❖ **कला तथा सांगितिक कार्यक्रमहरुलाई सहयोग :** कला राष्ट्रको पहिचान अनि कलाकार राष्ट्रका गहना हुन भन्ने विश्वासका साथ एनआरएनए एनसीसी कतार कला तथा संगित विधालाई सदैव स-सम्मान सहयोग गर्दै आएकोछ । यस कार्यकालमा गैरआवासीय नेपाली तारा २०१४को उपाधि सौजन्य गरेर नेपाली कलालाई प्रोहोत्साहन गरिएको थियो । त्यसै गरी विभिन्न समयमा कतारका स्थानिय तथा बेला बेलामा राष्ट्रिय कलाकारहरुलाई सहभागी गराएर कार्यक्रमहरु आयोजना तथा संयोजन गरिएको थियो ।

- **मानविय, कल्याणकारी, स्वास्थ्य तथा सचेतनामुलक गतिविधीहरु :** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्को प्रमुख उद्देश्य तथा कार्यक्रमहरुमा मानविय तथा कल्याणकारी कार्यहरु पर्दछन् । अनुमानित ४ लाखको संख्यामा नेपालीहरु रहेको र त्यस मध्येमा पनि ९९ प्रतिशत भन्दा बढि श्रमिकहरु कार्यरत रहेको मुलुक भएकाले कतारमा नेपाली श्रमिकहरुका अनगिन्ति कठिनाइहरु छन् । विभिन्न कारणले पिडित भएका या बनाइएका पिडित नेपालीहरुलाई सक्दो सहयोग गर्न एनआरएनए एनसीसी कतार निरन्तर क्रियाशिल छ ।

  गरिएको थियो ।

  - ❖ **सहयोग तथा राहात** : आफ्नो कार्यभार ग्रहण गरी दुतावासमा जानकारी गराएकै दिन १५ सेप्टेम्बर २०१३का दिन दुतावासमा आश्रय लिइरहेका पिडिहरुलाई खाद्यान्न वितरण गरी कार्यकाल शुरु गरिएको थियो । त्यस पश्चात खाद्यान्नको अभाव भएका पिडिहरुलाई पटक पटक सहयोग गरिएको थियो भने एनसीसी कतारको प्रत्यक्ष सम्पर्कमा आएका २०० भन्दा बढि पिडितहरुलाई आर्थिक, खाद्यान्न, कानुनी परामर्श, हवाई टिकट आदी गरेर विभिन्न मितिमा सहयोग गरिएको थियो ।
  - ❖ **कानुनी सहयोग तथा परामर्श :** कतारको कानुनको जानकारीको अभाव तथा भाषिक समस्याका कारण समस्यामा परेको धेरै नेपालीहरुलाई एनसीसी सहयोग गरेकोछ । जसमा अध्यक्ष ज्युको नेतृत्वमा विभिन्न मितिमा १२ पटक फिर्ति केन्द्रको, ९ पटक लेबर डिपार्टमेन्टको, ९ पटक क्यापिटल पुलीसको तथा पटक पटक पिडक कम्पनीहरुको भ्रमण गरी संचालनहरुसँग छलफल गरेर समस्यामा परेका सयौ नेपालीहरुलाई आवाश्यक सहयोग र परामर्श गरिएको थियो ।
  - ❖ **स्वास्थ्य शिविर :** कतारमा कार्यरत नेपाली श्रमिकहरुको स्वास्थ्य जाँचलाई सहयोग गर्नको लागि १० जनवरी र ५ डिसेम्बर २०१४का दिन सनैया स्थित ग्राण्ड मलमा एटलास पोलि क्लिनिकसँगको सहकार्यमा निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको थियो । उक्त शिविरहरुबाट क्रमश : ८०० र ७५८ सर्वसाधारण नेपालीहरुले सेवा प्राप्त गरेका थिए ।

❖ **मृतकका परिवारलाई सहयेग :** विगत देखिको कार्यलाई निरन्तरता दिदै कतारमा निधन भएका कास्कीका यम बा. राना, स्याङजाका खड्ग बा. सुनार तथा सुबुर दिन मिया, प्यूठानका दान बहादुर रोक्का, रोल्पाका मृतक केशर बहादुर पुन, खोटाङका मिलन राई, पाँचथरका डिल्लीराम थापा, अर्घाखाँचिका रोमाकान्त चुदाली, म्याग्दीका चन्द्र बहादुर घर्ति मगरका परिवारलाई कतारी रियाल ५००/- का दरले नगद सहयोग प्रदान गरिएको थियो ।

❖ **बिस्फोट पिडितहरुलाई सहानुभूति तथा सहयेग :** २७ फरवरी २०१४ का दिन गराफा स्थित इस्तानबुल रेस्टुरेन्टमा भएको बिस्फोटमा परि निधन भएका नेपालीहरुका परिवार तथा घाईतेहरुलाई बिमा रकम तथा थप सहयोग उपलब्ध गराउन बिषेश पहल गरिएको थियो ।

❖ **सुरक्षा सचेतना कार्यक्रमः** सुरक्षा तथा जनचेतना संयोजक मुख्तार आलमको संयोजकत्वमा अलखोर क्षेत्रका विभिन्न क्याम्पहरुमा सचेतना कार्यक्रमहरु संचालन गरिएको थियो ।

❖ **हमद हस्पिटल भ्रमण गरी सहयोग तथा परामर्श :** नियमित रुपमा हमद हस्पिटलको भ्रमण गरी विभिन्न दुर्घटनामा परि लामो समय देखि अस्पतालमा रहेका बिरामीहरुको अवस्थाको जानकारी लिने तथा उपचार पुरा भएकाहरुलाई नेपाल पठाउन आवाश्यक कानुनी प्रक्रियाको लागि सहयोग गरिएको थियो । यो अभियानबाट लामो समय देखि हस्पिटलमा अलपत्र रहेका दर्जनौ नेपालीहरुले सेवा पाएको थिए ।

❖ **नगद सहयोग :** भुकम्पमा परि घर तथा परिवार गुमाउदा पनि नेपाल जान नपाएर दुतावासमा आश्रय लिइरहेका पिडित हरी बहादुर बुढालाई २२ मई २०१५ का दिन कतारी रियाल १२५०/- आर्थिक सहयोग गरिएको थियो । त्यसै गरी कतारमा दुर्घटनामा परी अंङ्ग भंङ्ग भएका पाँचथरका दावा शेर्पालाई कतारी रियाल ४६१/- सहयोग गरिएको थियो ।

❖ **रक्तदान कार्यक्रम :** “रक्तदान दान, जिवन दान” को आदर्शलाई व्यवहारमा कार्यान्वयन गर्दै प्रत्येक बर्ष एक रक्तदान शिविर आयोजना कार्यको निरन्तरताको क्रममा ७ मार्च २०१४ का दिन नेपाली राजदूतावास कतार र हमद मेडिकल कर्पोरेसनको सहयोगमा विभिन्न संघ संस्थाहरुको सहकार्यमा बृहत रक्तदान शिविर सम्पन्न गरिएको थियो । सो शिविरमा रक्तदान गर्न इच्छुक २०६ सहभागीहरू मध्ये प्राविधिकरुपमा योग्य ठहरिएका १०५ जना स्वयंसेवी दाताहरुले रक्तदान गर्नुभएको थियो । त्यसै गरी १३ मार्च २०१५का दिन हमद मेडिकल कर्पोरेसन ब्लड डोनर सेन्टरको परिसरमा आयोजना गरिएको अर्को रक्तदान शिवरमा रक्तदान गर्न उपस्थित इच्छुक १०३ दाताहरु मध्ये प्रविधिकरुपमा योग्य ४६जना रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो ।

- **परामर्श केन्द्र संचालन :** कतारमा कार्यरत श्रमिकहरुको अधिकतम हितलाई ध्यानमा राख्दै उनिहरुलाई नियमित सेवा प्रदान गर्नको लागि १ अप्रिल २०१४बाट एनआरएनए परामर्स केन्द्र स्थापना गरेकोछ । सर्वसाधारण नेपालीहरुले उचित परामर्सको अभावमा झेल्नुपरिरहेको कठिनाईलाई न्युनिकरण गर्नकोलागि दुतावाससँग समन्वय एक तलबी स्वयंसेवक नियुक्त गरि शुरु गरिएको सेवालाई एनसीसीका सल्लाहकार संयोजक, पदाधिकारी तथा सदस्यहरुले समेत नियमित सेवा प्रदान गरिरहनुभएकोछ । दैनिक औसत २०० सेवाग्राहिहरुले सेवा लिइरहेको सो सेवा केन्द्रबाट हाल सम्म पासपोर्ट परामर्स, आवेदन फर्म जाँच, प्रिन्ट, कागजात दस्तखतमा सहयोग, स्पोन्सर परिवर्तन प्रक्रियामा परामर्स, ट्राभल डकुमेन्ट, श्रमिक समस्या तथा स्वदेसी विदेशी आगन्तुकहरुलाई जानकारी दिने जस्ता सहयोग गरी ८० हजार भन्दा बढि सर्वसाधारणलाई सेवा प्रदान गरिसकिएकोछ ।
- **एमआरपी आवेदन तथा विरणमा सहजीकरण अभियान :** प्रवासमा रहेका सबै नेपालीहरुसँग प्रत्यक्ष सरोकार राख्ने हस्त लिखित पासपोर्ट मेसिन रिडेबलमा स्थानान्तरण गर्ने अभियानलाई एनआरएनए एनसीसी कतारले बिषेश जोड दिएर सहजिकरणको लागि विभिन्न माध्यमबाट दुतावासलाई सहयोग गरिरहेकोछ । जसमा दुतावासमा

स्थापित एनआरएनए परामर्श केन्द्रबाट सयौ सर्वसाधारणहरुलाई सेवा दिइरहेकोछ । मोबाईल आवेदन संकलन शिविरहरुको संयोजन गर्ने तथा सहयोग गर्ने क्रममा ४ जुलाई २०१४ का दिन तथा १८ जुलाई २०१४का दिन अलखोरमा संचालित आवेदन संकलन शिविरबाट क्रमश: १७६ र ३३७ आवेदन संकलन गरिएका थिए भने २० फरवरी २०१५मा सनैया ३२मा तथा २० मार्चमा सनैया ४१ मा एमआरपी आवेदन संकलन शिविरमा समेत त्यस्तै संख्यामा आवेदनहरु संकलन भएका थिए । अक्टोबर २०१४ देखि विदाको दिन शुक्रबार दुतावास परिसरमा संचालन भएका पासपोर्ट वितरण शिविरमा विभिन्न ३६ सामाजिक संस्थाहरुले एनसीसीको संयोजनमा स्वयंसेवकहरु परिचालन गरी सहजीकरण गरेका थिए सो अभियानबाट पनि हजारौ नेपालीहरुले सहजरुपमा पासपोर्ट लिएका थिए ।

- **पाँच विकाश क्षेत्रीय परियोजना :** राष्ट्रको समृद्धिको लागि सांकेतिक रुपमा नै भए पनि केहि कार्य गर्ने निर्णय बमोजिम वर्तमान कार्यसमितिमा पाँच विकास क्षेत्रबाट प्रतिनिधित्व गर्ने क्षेत्रिय प्रतिनिधिहरुको अगुवाईमा सम्बिन्धित क्षेत्रमा एक एक शैक्षिक परियोजनाहरु सम्पन्न गरिएको छ ।
  - ❖ **पुर्वाञ्चल :** एनसिसि कतारका पुर्वाञ्चल क्षेत्रिय सदस्य छविरमण कटुवालको संयोजकत्वमा पाँचथर जिल्ला मौवा गा वि स वडा नं ७ मा अवस्थित त्रिवेणी मा. बि.मा रु एकलाखको अक्षयकोष स्थापना गरिएकोछ । जसमा एनसीसीले प्रदान गरेको रकम रु ५५०००/- क्षेत्रीय सदस्य कटुवालले थप ४५०००/- संकलन गर्नुभएको थियो ।
  - ❖ **मध्यमाञ्चल :** संघका मध्यमाञ्चल क्षेत्रिय सदस्य रामचन्द्र माझीको संयोजकत्वमा नुवाकोट जिलिङ ९ स्थित भुकम्प क्षतीग्रस्त करुणाकर माध्यामिक विद्यालयलाई आर्थिक सहयोग तथा सोहि क्षेत्रका भुकम्प पिडित एकल महिला तथा विधवाहरुलाई आर्थिक सहयोग गरिएको थियो ।
  - ❖ **पश्चिमाञ्चल :** संघका पश्चिमाञ्चल क्षेत्रिय सदस्य गोप सुनारको संयोजकत्वमा शहिद शुक्र उच्च मा. बि., बस्तरा देउराली स्याङजालाई कम्प्यूटर शिक्षाको व्यवस्थापनको लागि रु ५५ हजार सहयोग गरिएको थियो ।
  - ❖ **मध्य-पश्चिमाञ्चल :** संघका मध्यपश्चिमाञ्चल क्षेत्रिय सदस्य लिला जिसिको संयोजकत्वमा प्यूठान जिल्लाको वादीकोट वालुवा स्थित अमर प्रथामिक विद्यालयलाई विभिन्न सामाग्रीहरु सहयोग गरिएको थियो ।
  - ❖ **सुदुर पश्चिमाञ्चल :** संघका सुदुर पश्चिमाञ्चल क्षेत्रिय सदस्य भिम वलायरको संयोजकत्वमा लाटामाण्डौ ८, तिलताली, डोटि स्थित श्री राधाकृष्ण उच्च मा. बि. लाई प्रोजेक्टर प्रदान गरिएको थियो ।
- **सल्लाहकार तथा पदाधिकारीहरुको विभिन्न सहयोग :** यस कार्यकालमा संघका सल्लाहकार आर के शर्माले मंगलपुर ४ चितवन स्थित विश्व प्रकाश विद्यालयलाई रु ३ लाख, स्याङजा जिल्लामा संचालित गैरसरकारी संस्था “Up Lift A Child International “ लाई रु ४ लाख, बाग्लुङ सुखौरामा संचालित भलिबल प्रतियोगितालाई रु ७७ हजार तथा कानुनि सल्लाहकार मो रमजान अलि मियाले ललितपुर लुभुमा स्थापित महानगरीय प्रहरी प्रभागलाई २६अगाष्ट २०१४मा कम्प्युटर सहयोग गरी जानकारी गराउनुभएको थियो । त्यसै गरी संघका कोषध्यक्ष द्रोण बहादुर बस्नेतले तुराङ्ग, गुल्मी स्थित सरस्वती प्रा. बि. र श्री उदय प्रा. बि.लाई रु ११५०००/- बराबरको शैक्षीक सामाग्री सहयोग गरी जानकारी गराउनुभएको थियो ।
- **श्रद्धान्जली/समवेदना तथा स्वास्थ्यदलाभको कामना :**
  - ❖ काठमाडौमा सडक दुर्घटनामा परि दिवंगत कार्यसमिति सदस्य शोया दहालको चिरशान्तिको कामना गर्दै १८ अप्रिल २०१५का दिन शोक सभा आयोजना गरिएको थियो । अध्यक्ष मक्सुद आलमको अध्यक्षतामा सम्पन्न सो सभामा उपस्थित आइसीसी उपाध्यक्ष टि. बि. कार्की, सदस्य उमेश अधिकारी लगायतका

महानुभावहरुले स्व दहालको तस्विरमा फुल चढाएर उहाँको योगदानको चर्चा गर्दै श्रद्धान्जली व्यक्त गर्नु भएको थियो ।

- ❖ नेपालमा महा-भुकम्प गएको १३ दिन पारेर सो प्रलयबाट जिवन गुमाएका सम्पुर्ण आत्माहरुको शान्तिको कामना गर्दै ७ मई २०१५ का दिन श्रद्धान्जली सभा आयोजना गरिएको थियो । दिपहरु प्रज्ज्वलन गरी श्रद्धान्जली व्यक्त गरिएको सो कार्यक्रममा कार्यबहाक नेपाली राजदुत मणीरत्न शर्मा, द्धितिय सचिव नितेस सापकोटा, एनआरएनए मध्यपुर्व क्षेत्रीय उप-संयोजक पुर्ण के सी. लगायत उपस्थित एनआरएनएका अग्रजहरु एवं विभिन्न संघ संस्थाका प्रमुखहरुले शोक मन्तव्य राख्दै राहात, उद्धार तथा पुर्ननिर्माणमा हातेमालो गर्न सबैमा अनुरोध गर्नुभएको थियो ।
- ❖ यसै कार्यकालमा दिवंगत संस्थाका संस्थापक सदस्य तथा बौद्धिक व्यक्तित्व शिखर वैद्य, द्धितिय उपाध्यक्ष शुकबहादुर तामाङका पिता भिमबहादुर तामाङ, जनकवि केशरी धर्मराज थापा, नायक श्रीकृष्ण श्रेष्ठ लगायत व्यक्तित्वहरुको निधनमा संघले शोक प्रस्तावहरु परित गरि श्रद्धान्जली तथा परिवारजनमा समवेदना प्रकट गरेको थियो ।
- ❖ दुर्घटनामा परि घाइते भएर हस्पिटलमा उपचारार्थ कार्यसमिति सदस्य शिवशरण यादव तथा पंजिकृत सदस्य टोम प्रसाद बडालको शिघ्रस्वासथ्यलाभको कामना गरिएको थियो ।

- **छैठौ राष्ट्रिय महाधिवेशनको तयारी तथा पंजिकृत सदस्यता वितरण :** संघको अन्तिम राष्ट्रिय परिषद् भेलाले छैठौ राष्ट्रिय महाधिवेशनको मिति तय तथा पंजिकृत सदस्यता आवेदन खुल्ला गरेको थियो । संघको निर्देशिका बमोजिम छैठौ कार्यकाल २०१५-२०१७ को लागि विभिन्न चरणका प्रक्रियाहरु पुरा गर्दै गत १२ जुलाई २०१५का दिन यस कार्यकालका लागि २८०८ पंजिकृत सदस्यहरुको नामावली प्रकाशन गरीएको थियो भने “ हाम्रो अभियान-सुरक्षीत आप्रवासन र समृद्ध नेपाल” नारा तय गर्दै आजको यो ऐतिहाँसिक छैठौ राष्ट्रिय महाधिवेशनको तयारी गरिएको थियो ।
- **विविधि :**
  - ❖ इन्फरमेनस टेक्नोलोजीको विकसित आजको समयमा आफ्ना गतिविधिहरुलाई प्रवर्द्धन गर्न तथा छिटो छरितो रुपमा संप्रषेण गर्न वेभ पेजको टड्कारो आवश्यकता महशुस गरी कार्यकाल शुरु भए लगत्तै पहल गरी ३१ जनवरी २०१४ मा सम्पन्न दोश्रो परिषद् बैठकको अवसरमा उद्घाटन गरी संस्थाको आधिकारिक वेभ पेज संचालनमा ल्याइको थियो । साथै पंजिकृत सदस्यहरुको अनलाई आवेदन तथा अनलाईन भोटिङ सिस्टम समेत निर्माण गरि प्रयोगमा ल्याइएकोछ ।
  - ❖ १० जनवरी २०१५ का दिन विगत करिब ३ दशक देखि नर्वेमा बसोबास गर्दै आउनुभएका प्रोफेसर डा. विशाल सिटौलाको **“विज्डम वेस नेपाल प्रमोसन”** बिषयक ज्ञानमुलक प्रस्तुती कार्यक्रम आयेजना गरिएको थियो । सो कार्यक्रममा प्रो. सिटौलाले आफुले नेपालमा भएका संस्कार, मुल्य मान्यता र परम्पराहरु महत्वपुर्ण बौद्धिक सम्पतीको रुपमा रहेको र यसलाई सहि तरिकाले प्रवर्द्धन गर्न सके सिङ्गो मानव समाजलाई सन्तुष्ट र खुसी बनाउन सक्ने आधारहरु सहित करिब १ घण्टाको प्रस्तुती गर्नुभएको थियो ।
  - ❖ १२ मई २०१४का दिन एमआरपी आवेदनमा भएको वृद्धिका कारण देखिएका कठिनाई तथा दुतावासमा बढेको चाप नियन्त्रणका उपायहरु तथा सहयोगको लागि एनसीसीको प्रतिबद्धताहरु सहित एक ज्ञापन पत्र बुझाइएको थियो ।

- नेपाल सरकारको हरेक नियोगको संरक्षणमा एक व्यापार तथा पर्यटन प्रवर्द्धन समिति गठन गर्ने कार्यक्रम बमोजिम सो समितिमा रहनको लागि श्री मक्सुद आलम र श्री कमलमणी गुरगाँईको नाम दुतावासलाई सिफारिस गरिएको थियो ।
- साइकल यात्रीहरुलाई सम्मान : उल्टो साइकल यात्राको माध्यामबाट नेपाल र नेपालीलाई चिनाउन विश्व भ्रमणमा रहेका बिरेस दहाल तथा उनका सहयोगीहरुलाई एनसीसीको तर्फबाट २६फरवरी २०१४का दिन सम्मान तथा अन्तरक्रिया गरिएको थियो ।
- भाारतिय टेलिभिजन प्रतियोगिता डि आइ डि मास्टर विजेता नेपाली कलाकार तेरीया मगरलाई कतार आएको अवसरमा सम्मान गरिएको थियो ।
- ५ मई २०१४ कादिन राजधानि साप्ताहिकमा आवद्ध भई क्रियाशिल पत्रकार प्रेम लामालाई एक कार्यक्रम बिच विदाई गरिएको थियो ।
- पारिवारीक तथ्याङक संकलन : रोजगारी र व्यवशायको आकर्षण गन्तव्य कतारमा सपरिवार बसोबास गर्ने नेपालीहरुको संख्या निकै बढेको भए पनि यकिन तथ्याङकको अभाव रहदा आवाश्यक सर्वेक्षण तथा कार्ययोजनाहरु तय गर्न कठिनाइ भइरहेको परिवेशमा एनसीसीले तथ्याङ संकलन गर्ने अभियान शुरु गरेकोछ । कतारको परिस्थितिमा आवात जावत गर्ने क्रम जारी रहने भएकोले यो अभियानलाई केहि समय निरन्तरता दिन सकेमा धैरै हद सम्म सफल हुने देखिन्छ ।

उपरोक्त गतिविधिहरुका अलवा नेपाली समुदायको अग्रणी साझा संस्थाको हैसियतमा नेपाल सरकार, नेपाली राजदुतावास, कतार सरकारका विभिन्न निकायहरु, सरोकारवाला संघ संस्थाहरु तथा सिंङ्गो समुदायसँग नजिकबाट समन्वय गर्दै दैनिक थुप्रै कार्यहरु सम्पादन गरिरहेकोछ । विभिन्न अवसरहरुमा औपचारिक तथा अनौपचारिक रुपमा समुदायको नेतृत्व गर्दै प्रतिनिधित्व गर्ने, सहभागिता जनाउने, स्वागत तथा भेटघाटमा सरिक हुने, नेपाली तथा अन्य समुदायका कार्यक्रम तथा गतिविधिहरुमा उपस्थिति जनाउने, नेपालीहरुका कठिनाईहरुमा परामर्स दिने, सहयोग तथा सहानुभुति प्रकट गर्ने जस्ता समुदायको सरोकार राख्ने जानकारी तथा सुचनाहरु प्रवाह गर्ने, नेपालीहरुका समस्यालाई सम्बन्धित निकायमा पुऱ्याई समाधानको लागि पहल गर्ने जस्ता कार्यहरु दैनिकरुपमा सम्पादन गरिरहेको व्यहोरा जानकारी गराउदछु ।
अन्त्यमा संघलाई यस कार्यकालमा सहयोग गर्ने नेपाली राजदुतावास, एनआरएन-आईसीसीका वर्तमान तथा पुर्व पदाधिकारी ज्यूहरु, सल्लाहकार समिति, कतारमा स्थापित भइ सहकार्य गरिरहेका सम्पुर्ण नेपाली संघसंस्थाहरु, बुद्धीजिवी, व्यवसायी, संचारकर्मी तथा सम्पूर्ण एनआरएनएलाई माया गरिरहनुहुने नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी मलाई यस गरिमामय संस्थाको महासचिवको पदिय जिम्मेबारी बहन गर्ने क्रममा सहयोग गर्नुहुने एनसीसी अध्यक्ष ज्यू लगाएत सहकर्मि पदाधिकारी तथा सदस्य मित्रहरु एनआरएनए अभियानका आदरणिय अग्रजहरु, सम्पूर्ण पंजिकृत सदस्य ज्यूहरु सबै प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र समन्वयको अपेक्षा सहित यस प्रतिवेदन माथि गहन छलफल पारित गरिदिनुहुन यस सम्मानित महाधिवेशनमा उपस्थित आदरणिय पंजिकृत सदस्य ज्यूहरुमा अनुरोध गर्दछु ।

धन्यवाद ।

बिनोद भट्टराई
महासचिव २०१३-२०१५,
गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद्, कतार ।

## संघ संस्थाहरुको सहकार्य एक झलक

| अनिष खालिङ बचाउ अभियान | सुनकोसि बाढि पिडित सहयोग अभियान | भुकम्प पिडित | रक्तदान २०१५, १३ मार्च | पासपोर्ट वितरण |
|---|---|---|---|---|
| झापाली सम्पर्क मञ्च | ओखलढुङ्गा सेवा समाज | गोर्खा सेवा समाज | नेपाली जन सम्पर्क समिति, कतार। | सिराह सेवा समाज |
| तनहुसेवा समाज | प्रवासी नेपाली मञ्च कतार | तमु समाज कतार | प्रवासी नेपाली मञ्च कतार। | प्रवासी झापाली सम्पर्क मञ्च |
| ओखलढुंङ्गा सेवा समाज | प्रवासी श्रमिक संघ कतार | अन्तराष्ट्रि कलाकार मञ्च कतार | नेपाल पत्रकार महासंघ, । | अर्घाखाँचि सेवा समाज |
| मोरङसुनसरी सेवा समाज | माझी सेवा समाज कतार | आदीबासी जनजाती महासंघ कतार | नेपाल इन्जिनियर्स एसोसिएसन । | स्याङजा सहयोग समाज |
| गुल्मी सेवा समाज | बाग्लुङ सेवा समाज कतार | मोरङसुनसरी सेवा समाज | आदीबासी जनजाति महासंघ । | पाँचथर सेवा समाज |
| नेपाल पत्रकार महासंघ कतार | जनसम्पर्क समिति कतार | गुल्मी सेवा समाज | खस क्षेत्री सेवा समाज कतार। | म्याग्दी सेवा समाज |
| माझी सेवा समाज कतार | म्याग्दी सेवा समाज कतार | प्रवासी झापाली सम्पर्क मञ्च | स्याङजा सहयोग समाज कतार। | गुल्मी सेवा समाज |
| पर्वत युवा समुह | नेपाली मुस्लिम समाज कतार | ओलढङ्गा सेवा समाज कतार | मोरङसुनसरी सेवा समाज कतार। | पर्वत युवा सेवा समाज |
| स्याङजा सहयोग समाज | पर्बत युवा सेवा समाज कतार | प्यूठान सेवा समाज कतार | प्रवासी झापाली सम्पर्क मञ्च, कतार। | कास्की आर्दश सेवा समाज |
| पाँचथर सेवा समाज | गुल्मी सेवा समाज | भोजपुर सेवा समाज कतार | गुल्मी सेवा समाज कतार। | नेपाली मुस्लिम समाज |
| **रक्तदान २०१४, ७ मार्च** | पाँचथर सेवा समाज | खस क्षेत्री सेवा समाज | अर्घाखाँचि सेवा समाज कतार। | नेपाली जनसम्पर्क समिति |
| नेपाली जन सम्पर्क समिति, कतार। | प्रवासी झापाली सम्पर्क मञ्च | कपिलबस्तु मुस्लिम समाज | म्याग्दी सेवा समाज कतार। | प्रवासी नेपाली मञ्च |
| प्रवासी नेपाली मञ्च कतार। | मोरङसुनसरी सेवा समाज | प्रवासी नेपाली मञ्च | पाँचथर सेवा समाज कतार। | मोरङसुनसरी सेवा समाज |
| आदीबासी जनजाती महासंघ कतार। | खस क्षेत्री सेवा समाज | उदयपुर सेवा समाज | सिराह सेवा समिति कतार। | खस क्षत्री सेवा समाज |
| नेपाली मुस्लिम समाज कतार। | **देउसी भैलो २०१४, २४ अक्टोबर** | पर्वत सेवा समाज | पर्वत सेवा समाज कतार। | नेपाली महिला समाज |
| नेपाली महिला समाज । | | सिराह सेवा समाज | ईलाम सेवा समाज कतार। | आदीबासी जनजाती महासंघ |
| चितवन युवा समाज कतार | गुल्मी सेवा समाज | साझा मञ्च नेपाल | कास्की आदर्श सेवा समाज कतार | प्यूठान सेवा समाज |
| स्याङजा सहयोग समाज कतार | मोरङसुनसरी सेवा समाज | नेपाली जनसम्पर्क समिति | चितवन युवा समुह कतार। | ओखलढुङ्गा सेवा समाज |
| मोरङसुनसरी सेवा समाज कतार। | स्याङजा सहयोग समाज | पाँचथर सेवा समाज | खोटाङ सेवा समाज कतार। | नेपाली जनसम्पर्क समिति |
| प्रवासी झापाली सम्पर्क मञ्च, | नेपाली कला केन्द्र | खोटाङ सेवा समाज | सुनुवार सेवा समाज कतार। | जनप्रगतिशिल मञ्च |
| गुल्मी सेवा समाज कतार। | म्याग्दी सेवा समाज | अर्घाखांची सेवा समाज कतार | **एनआरएनए भवन निर्माण** | प्रवासी नेपाली मञ्च |
| अर्घाखाँची सेवा समाज कतार। | कतार नेपाली एकता समाज | धनकुटा सेवा समाज | मोरङसुनसरी सेवा समाज | तमु समाज कतार |
| समाज सेवा अभियान, रुपन्देहि | प्रवासी झापाली सम्पर्क मञ्च | समाज सेवा अभियान रुपन्देहि | गुल्मी सेवा समाज | नुवाकोट सेवा समाज कतार |
| पाँचथर सेवा समाज कतार। | खस क्षेत्री सेवा समाज कतार | कास्की आदर्श सेवा समाज कतार | प्रवासी झापाली सम्पर्क मञ्च | खोटाङ सेवा समाज |
| पर्वत सेवा समाज कतार। | कास्की आदर्श सेवा समाज | अन्तराष्ट्रिय साहित्य समाज कतार | ओखलढुंगा सेवा समाज | सुनुवार सेवा समाज कतार |
| ओखलढुङ्गा सेवा समाज कतार | तनहु सेवा समाज | **ताप्लेजुङ आगालागि पिडित सहयोग** | पाँचथर सेवा समाज | उदयपुर सेवा समाज कतार |
| म्याग्दी सेवा समाज कतार। | पाँचथर सेवा समाज | | नेपाली मुस्लिम समाज | रोल्पा जलजला सेवा समाज |
| सिराह सेवा समिति कता। | पाल्पाली सेवा समाज | मोरङसुनसरी सेवा समाज | अर्घाखाँची सेवा समाज | गुल्मी सेवा समाज, मोस |
| मातृभूमिका लागि युवा अभियान | दाङ देउखुरी सेवा समाज | स्याङजा सहयोग समाज | पाँचथर सेवा समाज | गोर्खा सेवा समाज |
| खस क्षेत्री सेवा समाज कतार। | माझि सेवा समाज कतार | प्रवासी झापाली सम्पर्क मञ्च | स्याङजा सहयोग समाज | पाल्पाली सवा समाज |
| प्रवासी तामाङ समाज कतार। | किरात राई यायोख्खा | भोजपुर सेवा समाज | प्युठान सेवा समाज | तनहु सेवा समाज कतार |
| प्रवासी तामाङ समाज कतार। | समाजसेवा अभियान रुपन्देही | गुल्मी सेवा समाज | | चितवन सेवा समाज |
| | | खस क्षत्री सेवा समाज | | धनकुटा सेवा समाज |
| | | धराने आउट अफ धराने | | इलाम सेवा समाज |